# भूमि बैंक कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/११/२९

**प्रस्तावना:** पालुङटार नगरपालिकाको नागरिकहरुको कृषि प्रति देखिएको लगावलाई लक्षित गरी नगरपालिकाभित्र रहेको बाँझो जमिनको वैज्ञानिक उपभोग गर्न कृषि कार्यको लागि जग्गामा कृषकको पहुच सुनिश्चित गर्न, जग्गा बाँझो हुन नदिन, जमिनको उपभोगलाई भूमि बैंक मार्फत व्यवस्थित र प्रभावकारी बनाई उत्पादन र उत्पादकत्व बढाउन कृषि ऐन, २०८२ को दफा १८ को उपदफा ५ ले दिएको अधिकार प्रयोग नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "भूमि बैंक कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८२" रहने छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कर्मचारी" भन्नाले नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीलाई बुझाउने छ।

(ख) "कार्यपालिका" भन्नाले नगगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई बुझाउँछ।

(घ) "कृषि ऐन" भन्नाले नगरपालिकाको कृषि ऐन, २०८२ लाई सम्झनु पर्दछ।

(ङ) "जनप्रतिनिधि" भन्नाले पालुङटार नगरपालिकाका निर्वाचित जनप्रतिनिधिलाई सम्झनु पर्दछ।

(च) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई बुझिन्छ।

(छ) "भूमि बैंक" भन्नाले नगरपालिकाभित्र रहेका खेतीयोग्य बाँझो जमिनको उपभोग गर्नको लागि नगरपालिकाले संचालन गरेको कार्यक्रमलाई सम्झनु पर्दछ।

(ज) "वडा" भन्नाले नगरपालिका भित्रका वडाहरुलाई सम्झनु पर्दछ।

(झ) "संयोजक" भन्नाले पालुङटार नगरपालिकाका भूमि बैंकका संयोजक सम्झनु पर्दछ।

३. **भूमि बैंक व्यवस्थापनः** (१) नगरपालिका भित्रका विभिन्न वडाहरुमा रहेका खेती योग्य बाँझो जमिनको प्रयोग गर्न स्थानीय श्रमको व्यवस्थापन गर्दै परम्परागत खेती प्रणालीलाई आधुनिक खेती प्रणाली मार्फत व्यवसायिक खेती गर्ने उद्धेश्यले भूमिको व्यवस्थापनको लागि स्थापना गरिएको भूमि बैंकलाई निम्नानुसार व्यवस्थित गरिनेछ।

(क) नगरपालिका भित्र रहेका कम्तिमा २ रोपनीभन्दा बढी खेती योग्य जग्गा आफूले उपभोग नगरी खाली राखेको जग्गा धनीले अनुसूची ३ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(ख) बाँझो जग्गालाई उत्पादनका आधारमा छुट्याई निम्नानुसार वर्गीकरण गरिनेछ।

| वर्गीकरणको आधार (१००) | २० | १५ | १० | ५ |
|---|---|---|---|---|
| सडकको पहुँच (२०) | मुख्य सडकसँग जोडिएको | चल्ती सडकबाट ३०० मिटर भित्रको | हिउँदे सडकसँग मात्रै पहुँच भएको | सडकसँग पहुँच नभएको |
| सिंचाई (२०) | १२ महिना नै सहज सिंचाई हुने | ६ महिना सिंचाई हुने | वर्षात्मा मात्रै सिंचाई हुने | सिंचाई नहुने |
| उर्वराशक्ति (२०) | अति उर्वर | मध्यम उर्वर | न्यून उर्वर | रुखो पाखो |
| जैविक सुरक्षा (२०) | पूर्ण सुरक्षित | मध्यम सुरक्षित | आंशिक सुरक्षित | अति जोखिम |
| क्षेत्रफल (२०) | एकै ठाउँमा १५ रोपनी भन्दा माथि | एकै ठाउँमा १०-१५ रोपनी | एकै ठाउँमा ५-१० रोपनी | एकै ठाउँमा ५ रोपनी भन्दा कम |

जग्गाको वर्गीकण गर्ने क्रममा जम्मा १०० पूर्ण अंक मध्ये प्राप्त अंक मध्ये प्राप्त अंक ७५ भन्दा माथिका जग्गा क वर्ग, ५० देखि ७५ अंक सम्मका जग्गा ख वर्ग, ३० देखि ५० अंक सम्मका जग्गा ग वर्ग र ३० भन्दा कम अंक प्राप्त गरेका जग्गा घ वर्गमा पर्दछन् । साथै घ वर्गमा पर्ने जग्गालाई उपयुक्त मानिने छैन र छनोट पनि गरिने छैन।

(ग) उपदफा (क) बमोजिमको निवेदन पेश नगरी जग्गा बाँझो राख्ने जग्गा धनीलाई नगरपालिकाको तर्फबाट उपलब्ध गराईने सेवा सुविधाहरुबाट बञ्चित गर्न सकिनेछ।

(घ) उपदफा (ख) अनुसारको क, ख र ग वर्ग बमोजिमको जग्गाहरु नगरपालिकाको भूमि बैंकमा दर्ता हुनेछन् ।

(ङ) भूमि बैंकमा दर्ता रहेको बाँझो राखिएको खेती योग्य जमिनको उपयोग गरी कम्तीमा २ रोपनीमा कृषि गर्न चाहने कृषकलाई आवश्यकता जग्गा प्रयोग गर्नेको लागि माग गर्न अनुसूची ४ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ र नियमानुसार उपलब्ध गराईनेछ।

(च) बाँझो राखिएको खेती योग्य जमिन उपभोग नगर्ने जग्गा धनीले आफूले नगरपालिकाले गरेको जग्गाको वर्गिकरण र उपभोग गर्न नसकेको मनासिव कारणका आधारमा निर्धारण गरिएको रकममा नगरपालिकामा सूचिकृत भई कम्तिमा २ वर्ष र अधिकतम आपसी समझदारीमा भाडामा दिन सक्नेछ।

(छ) उल्लेखित खेती योग्य जमिनमा अनिवार्य रुपमा कृषि ऐन, २०८२ को दफा १५ को उपदफा १ ले व्यवस्था गरेको कृषि कार्य गर्नु पर्नेछ।

(ज) यस किसिमको जग्गामा नगरपालिकाको तर्फबाट समय समयमा प्राविधिक वा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(झ) उत्कृष्ट कृषि उत्पादन गर्ने कृषकलाई नगरपालिकाको तर्फबाट सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।

(ञ) कृषकहरुले आफूले उत्पादन गरेको कृषि उपज आफैले बिक्री वितरण गर्नु पर्नेछ। वजारीकरणका लागी नगरपालिकाले हाट बजार वा कृषि उपज संकलन केन्द्रमा ल्याउने व्यवस्था मिलाउनेछ।

४. **कार्यसमिति गठनः** (१) भूमि बैंक सञ्चालन तथा व्यवस्थापनको लागि एक भूमि बैंक कार्य समिति गठन हुनेछः

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) कार्यपालिका सदस्य मध्येवाट नगर प्रमुखले - सदस्य

मनोनयन गरेको १ जना वडा अध्यक्ष र १ जना
महिला सहित २ जना

(च) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(छ) पशु सेवा शाखा प्रमुख - सदस्य

(ज) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(झ) भवन तथा मापदण्ड कार्यान्वयन इकाई प्रमुख - सदस्य

(ञ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

**५. कार्य समितिको काम, कर्तव्य र अधिकारः** भूमि बैंकको लागि गठित कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमका रहनेछः

(क) भूमि बैंक सम्बन्धी कार्यविधि र जग्गा छनोट तथा मूल्याङ्कनका आधारहरु तयार गरी संयोजक मार्फत कार्यपालिकाबाट प्रमाणित गर्ने।

(ख) भूमि बैंकमा बाँझो जग्गा दर्ता गर्न इच्छुक कृषकहरुका लागि सूचना प्रकाशित गरी म्यादभित्र प्राप्त निवेदनहरुका आधारमा निवेदन उपर छानबिन गरी छनोट प्रक्रिया अगाडि बढाउने।

(ग) बाँझो जग्गाको अनुगमनको लागि योजना बनाउने र अनुगमनको लागि कृषकको जग्गा सम्म पुग्ने।

(घ) भूमि बैंकमा दर्ता भएका बाँझो जग्गामा कृषि गर्न इच्छुक कृषकहरुका लागि सूचना प्रकाशित गरी म्याद भित्र प्राप्त निवेदनहरुका आधारमा निवेदन उपर छानबिन गरी छनोट प्रक्रिया अगाडी बढाउने।

(ङ) भूमि बैंकमा दर्ता भएको जग्गा लिन इच्छुक कृषकहरुको छनोट पश्चात जग्गा दिने-लिने कृषक र नगरपालिका बिच त्रिपक्षीय सम्झौता गर्न सिफारिस गरी सो को प्रक्रिया अगाडि बढाउने ।

(च) भूमि बैंक सञ्चालनका लागि श्रोतको व्यवस्थापन गर्ने।

(छ) भूमि बैंक संचालनका क्रममा आउन सक्ने समस्या, चुनौती तथा आवश्यकताहरु बारे अध्ययन गर्ने, सूची तयार गर्ने तथा सो को समाधानका लागि पहल गर्ने।

(ज) दर्ता भएका जग्गामा नगरपालिकाले आफ्नो स्रोत वा साधन प्रयोग गरेर खेती गरी उपभोग गर्न चाहेमा समितिको निर्णय अनुसार उपलब्ध गराउने।

(झ) भूमि बैंक अन्तर्गत सुचिकृत भएका जग्गामा खेति गरेमा कृषि कार्य प्रवर्धनका लागि अनुदान सिफारिस गर्ने।

६. **बजेट/श्रोतको व्यवस्थाः** (१) भूमि बैंकमा रहेका जग्गाहरु भाडामा लिनको लागि आवश्यक रकमको व्यवस्था जग्गाको उपभोग गर्ने कृषकले गर्नुपर्नेछ र भाडा बापतको रकम सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

(२) दफा (५) को खण्ड (ज) अनुसारका जग्गाको हकमा भाडाको रकम सम्बन्धित स्थानीय तहले नै व्यहोर्नु पर्नेछ।

(३) आवश्यकतानुसार कृषि विकास कार्यालय लगायतका संस्थाहरुसँग समेत समन्वय गरी नगरपालिकाले संयुक्त साझेदारीमा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

७. **जग्गा फिर्ता गर्नु पर्नेः** देहायको अवस्थामा जग्गा फिर्ता गर्नु पर्नेछः

(क) खेती गर्ने कृषकले जग्गा सम्झौता अनुसारको शर्त बाहेक अन्य प्रयोजनको लागि प्रयोग गरेमा।

(ख) करार अवधि समाप्त भएमा।

(ग) समितिले उपर्युक्त कारण देखाई जग्गा फिर्ता गर्ने निर्णय गरेमा।

(घ) जग्गा लिने दिने बिच आपसी समझदारी भई मञ्जुर भएमा।

८. **सम्झौता रद्द गर्ने प्रक्रियाः** (१) सम्बन्धित पक्षले सम्झौता रद्दको मानसिव कारण देखाई भुमि बैक कार्य समितिमा अनूसूची ८ बमोजिमको निवेदन दिनु पर्नेछ।

(२) निवेदन दर्ता भएको समितिले आवश्यक निर्णय गराई सम्झौता रद्द गर्न उपर्युक्त रहे नरहेको यकिन गर्नु पर्नेछ।

(३) उपदफा (२) अनुसार गरिने बैठकमा आवश्यकता अनुसार सम्बन्धित दुवै पक्षलाई उपस्थित गराई छलफल गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम भएको निर्णयको जानकारी सम्बन्धित पक्षलाई निर्णय भएको ७ दिन भित्र जानकारी दिनु पर्नेछ।

९. **कारवाहीः** (१) यस कार्यविधिमा व्यवस्था भए अनुरुपका क्रियाकलाप नगरेमा समितिले आवश्यक निर्णय गरी सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द भए तापनि सम्झौता रद्द पुर्व लगाएको बालीको कटानी गरी भाडामा लिएको कृषकले वजारीकरण गर्न सक्नेछ तर सो कार्य गर्नको लागि अवधि वढीमा २ महिनाको हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रथम पक्षले सम्झौता रद्द गरेमा क्षति भएको बालीको क्षति मूल्याङ्कन अभिकर्ताद्वारा मूल्याङ्कन गरी क्षति भएको रकमको ५०% रकम दोश्रो पक्षलाई दिनु पर्नेछ।

१०. **विविधः** (१) यस कार्यविधिको कार्यान्वयन गर्दा केही दुविधा उत्त्पन्न भएमा नगरपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउको आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ।

## अनुसूची १

भूमि बैंकमा जग्गा दर्ता गर्नका लागि आवेदन माग गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: .........................

यस पालुङटार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.व. २०८२/०८३ मा भूमि बैंक स्थापना गरी बाँझो जग्गामा कृषि कार्यक्रम संचालन गर्न लागेकोमा आफ्नो जग्गा बाँझो भएका कृषकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गरी आफ्नो बाँझो जग्गा नगरपालिकाको भूमि बैंकमा दर्ता गर्नु हुन सबै नगरपालिका बासी कृषक वर्गहरुमा अनुरोध गरिन्छ।

आवश्यक कागजातहरु:

- अनुसूची २ बमोजिमको ढाँचामा निवेदन
- अनुसूची ३ बमोजिमको ढाँचामा जग्गाको विवरण
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि
- उपलब्ध भएसम्म जग्गाको नक्सा

## अनुसूची २
## निवेदनको ढाँचा

मिति: २०८२/  /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पालुङटार नगरपालिका,
ठाँटीपोखरी, गोरखा ।

**विषय:- भूमि बैंकमा जग्गा दर्ता गरी पाउँ ।**

प्रस्तुत विषयमा पालुङटार नगरपालिकाको कार्यालयबाट मिति .................... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मेरो जग्गा विगत ...... वर्ष देखि बाँझो रहकोले उक्त भूमि बैंकमा दर्ता गर्न इच्छुक भएकोले अनुसूची बमोजिमको ढाँचामा जग्गाको विवरण भरी यो निवेदन पेश गरेको छु ।

**निवेदक**

नाम:
ठेगाना:
दस्तखत:
सम्पर्क नं.:

## अनुसूची ३

दफा ३ को उपदफा १ (क) सँग सम्बन्धित

(बाँझो जग्गा भूमि बैंकमा दर्ताको लागि जग्गाको विवरण)

(१) जग्गा धनीको नाम थर:

(२) ठेगाना: पालुङटार नगरपालिका, वडा नं. .................... टोल: ..................

(३) सम्पर्क नं. ....................

(४) जग्गा रहेको स्थानको ठेगाना: पालुङटार नगरपालिका, वडा नं. .................., टोल/स्थान ....................... कित्ता नं. ..............

(५) जग्गाको विवरण:

(क) जग्गा देखि मुख्य/चल्ती सडक सम्मको दुरी: ...........................

(ख) चल्ती सडक देखि टाढाको जग्गा भए हिउँदे सडकको पहुँच भए/नभएको: ....................

(ग) सिंचाईको व्यवस्था भए/नभएको: .....................................

(घ) वर्षमा कति महिना सिंचाई गर्न पुग्ने ? .......................

(ङ) नजिकै पानीको श्रोत भए/नभएको .............................

(च) पानीको श्रोत भए कति मिटर टाढा रहेको ? ....................

(छ) जग्गाको बनोट (खेत/सम्मो बारी/भिरालो बारी/रुखो पाखो/खरबारी): ..........................

(ज) माटोको प्रकार (रातो/कालो/बलौटे/ढुङ्गागिट्टी मिक्स भएको): ..........................

(झ) जग्गामा विगतका वर्षमा के-के उत्पादन/खेति गरिएको ? ........................................

(ञ) जग्गा बाँझो रहेको अवधि: ................................

(ट) जग्गा नजिकै झाडी/ठुलठुला रुख बिरुवा/जंगल भए/नभएको ? ...................................

(ठ) जीवजन्तु तथा चराचुरुङ्गीहरुबाट कत्तिको सुरक्षित (पूर्ण/मध्यम/आंशिक सुरक्षित/जोखिममा) ........................

(ड) भिरालो/सम्मो बारी/खेत छ भने संख्या र क्षेत्रफल कति कति छ ? ............................

(ढ) जग्गाको जम्मा क्षेत्रफल: ........................

(ण) जग्गा एकै ठाउँमा रहेको वा फरक फरक ठाउँमा रहेको ? ......................

(त) फरक-फरक ठाउँमा रहेको भए ठाउँ अनुसार जग्गाको क्षेत्रफल: ........................................................................

(थ) भाडा दिन चाहेको अवधि (कम्तिमा ३ वर्ष) : ..................................

(द) जग्गा सम्बन्धी अन्य कुराहरु भए खुलाउने: ................................

(ध) आफ्नो मुख्य व्यवसाय: ...............................................

(न) परिवारमा जम्मा सदस्य संख्या: ...................... बैदेशिक रोजगारमा गएको संख्या: ...........

(ऩ) नेपालमा रोजगारी प्राप्त गरेको संख्या: ...................... बेरोजगार संख्या: ................

(प) बाँझो जग्गा आँफैले प्रयोग गर्न नसक्नुको कारण: ..........................................

(६) संलग्न गर्नुपर्ने कागजात:

(क) जग्गा धनिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ख) जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि

(ग) जग्गाको नक्सा ।

मिति: हस्ताक्षर:

## अनुसूची ४

भूमि बैंकमा सूचिकृत जग्गा प्रयोग गर्न आवेदन माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: ........................................)

यस पालुङटार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.व. २०८२/०८३ मा भूमि बैंक स्थापना गरी कृषि कार्यक्रम संचालन गर्न लागेकोमा यस नगरपालिकाको भूमि बैंकमा दर्ता भएको जग्गा प्रयोग गरी कृषि सम्बन्धी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समूहले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा आवेदन पेश गर्न हुन सबै नगरपालिका वासी कृषक वर्गमा अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरु:**

- अनुसूची ५ बमोजिमको ढाँचामा निवेदन,
- अनुसूची ६ बमोजिमको ढाँचामा अपेक्षित जग्गाको विवरण,
- नेपाली नाजगरिकताको प्रमाण-पत्र प्रतिलिपि,
- संस्थाको हकमा PAN, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि।

**अनुसूची ५**

बाँझो जग्गा उपयोग गरी कृषि कार्य गर्नका लागि दिने

निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पालुङटार नगरपालिका
ठाँटीपोखरी, गोरखा ।

**विषय: भूमि बैंक मार्फत जग्गा उपलब्ध गराई पाउँ ।**

प्रस्तुत विषयमा पालुङटार नगरपालिका भूमि बैंक, २०८२ ठाँटीपोखरी, गोरखा मार्फत म/कृषक समूह/सहकारी/ फर्मले उक्त भूमि बैंकमा रहेको बाँझो जग्गामा खेती गर्न इच्छुक भएकोले अनुसूची बमोजिमको ढाँचामा विवरण भरी यो निवेदन पेश गरेको छु /छौं।

**निवेदक:-**
नाम:
ठेगाना:
दस्तखत:
सम्पर्क नं.
संस्थाको नामः
ठेगानाः
छापः

## अनुसूची ६

बाँझो जग्गा उपयोग गरी कृषि कार्य गर्नका लागि अपेक्षित जग्गाको विवरण

- उपयोग गर्नेको नाम थर: ....................................
- ठेगाना: पालुङटार नगरपालिका, वडा नं.:.................. टोल: .........................
- सम्पर्क नं. :
- अपेक्षित जग्गाको विवरण:
- वर्ग: क /ख /ग / घ
- क्षेत्र/भूगोल:
- क्षेत्रफल: रोपनी:
- बनोट:
- आफूले गर्न चाहेको/ खेति/ व्यवसाय:
- अपेक्षित सेवा/सुविधा:
- एकल गर्ने वा समूहमा:
- खेति गर्न चाहेको अवधि
- जग्गा सम्बन्धी अन्य कुरा भए खुलाउने :
- आफ्नो मुख्य व्यवसाय:
- परिवारमा सदस्य संख्या:

**संलग्न कागजात:**

- नेपाली नागरिकताको प्रमाण-पत्र
- मिति:
- हस्ताक्षर:

## अनुसूची ७

द्वपक्षीय सम्झौता पत्र (जग्गा दिने र लिने बिचको)

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व. २०८२/०८३ मा भूमि बैंक स्थापना गरी संचालन गर्न लागेको कृषि सम्बन्धी कार्यक्रमको लागि ...................... गाँउ/नगरपालिका वडा नं. ..... टोलः..... बस्ने श्री ....................... को नाति, श्री .......................... को छोरा/छोरी श्री ....................................(जग्गा दिने) ना.प्र.प. नं.ः ........................ (यस पछि प्रथम पक्ष भनिने) र जग्गामा खेती गर्ने कृषक ...................... गाँउ/नगरपालिका वडा नं. ..... टोलः..... बस्ने श्री ....................... को नाति, श्री .......................... को छोरा/छोरी श्री ....................................(जग्गा लिने) ना.प्र.प. नं.ः ........................ (यस पछि दोश्रो पक्ष भनिने) बिच तपशिल बमोजिमको शर्तनामा पालन गर्ने गराउने गरी पालुङटार नगरपालिका (यस पछी तेश्रो पक्ष भनिने)को रोहोबरमा यो सम्झौता गरिएको छ।

शर्तहरुः

१. प्रथम पक्षले आफ्नो जग्गा भूमि बैंकमा दर्ता गरी ......... वर्षको लागि दोश्रो पक्षलाई दिनु पर्नेछ ।
२. दोश्रो पक्षले जग्गा लिए वापत प्रथम पक्षलाई जग्गाको वर्गिकरणका आधारमा क,ख, र ग वर्गको जग्गालाई क्रमश: प्रति वर्ष प्रति रोपनी रु. ३०००।-, रु.२०००।– र रु.१५००।– का दरले नगद रकम तिर्नु पर्नेछ।
३. यस कार्यक्रम अन्तर्गत जग्गा भाडामा लिई खेति गर्दा जग्गाको स्वामित्व परिवर्तन हुने छैन।
४. कुनै कारण बस सम्झौता रद्द गर्नुपरेमा कम्तिमा पनि २ महिना अगावै सम्बन्धित पक्षलाई जानकारी गराउनु पर्नेछ।
५. सम्झौता रद्द गर्दाको बखत जमिनमा बालि भएको अवस्थामा प्रथम पक्षले अनिवार्य रुपमा दोश्रो पक्षलाई बाली कटान गर्न कम्तिमा २ महिनाको समय उपलब्ध गराउनु पर्नेछ।
६. प्रथम पक्षले सम्झौता रद्द गरेमा बाँकी सम्झौता अवधि बराबरको २५% रकम दोश्रो पक्षलाई तिर्नुपर्ने छ भने दोश्रो पक्षले सम्झौता रद्द गरेमा बाँकी अवधि बराबरको ५०% रकम प्रथम पक्षलाई तिर्नु पर्नेछ।
७. नगरपालिका वा वडामा जग्गा भाडा बापतको कर तिर्ने जिम्मेवारी प्रथम पक्षकै हुनेछ।

८. प्रथम पक्ष र दोस्रो पक्ष बिच द्धिविधा वा विवाद उत्पन्न भएमा नगरपालिकाले पालुङटार नगरपालिका भूमि बैंक कार्यक्रम (संचालन) कार्यविधि, २०८२ मा आधारित रही विवाद समाधान गरिनेछ ।

९. अन्य कुरा प्रचालित कानून बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट:**

नाम:

पद:

हस्ताक्षर:

छाप:

मिति:

**दोस्रो पक्षको तर्फबाट:**

नाम:

पद:

हस्ताक्षर:

छाप

मिति:

**रोहवर/साक्षी**

**तेश्रो पक्षको तर्फबाट**

नाम:

पद:

कार्यालय:

छाप:

हस्ताक्षर:

**अनुसूची ८**

सम्झौता रद्द गर्नको लागी निवेदनको ढाँचा

मितिः २०.../.../....

श्री संयोजक ज्यू,
पालुङटार नगरपालिका भूमि बैंक कार्य समिति,
नगर कार्यपालिकाको कार्यालय,
पालुङटार, गोरखा।

विषयः सम्झौता रद्द गरी पाउँ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयको सन्दर्भमा यस पालुङटार नगरपालिकाको आ.व. ........... को वार्षिक स्वीकृत कार्यक्रम भूमि बैंक व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम पालुङटार नगरपालिका वडा नं.: .... टोलः.................को कित्ता नं.:............ मा श्री .......................................... को नाममा रहेको जग्गा भूमी बैंक अन्तर्गत सूचीकृत गराएको/ भाडामा लिई खेती गरेकोमा तपसिल बमोजिमको कारणले गर्दा सम्झौता रद्द गरी पाउँ भनी यो निवेदन पेश गर्दछु।

तपसिलः

| क्र.सं. | सम्झौता मिति | सम्झौता नं. | कित्ता नं. | जग्गा धनिको नाम र ना.प्र.प नं. | खेती गर्ने कृषकको नाम र ना.प्र.प नं. | सम्झौता रकम | जग्गाको प्रकार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

सम्झौता रद्द गर्ने पक्षः
सम्झौता रद्द गर्नुपर्ने मानसिव कारणः

निवेदकको नामः
ठेगानाः
सम्पर्क नम्बरः

प्रमाणिकरण मितिः २०८२/११/२९

आज्ञाले,
शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत